# आर्थिक वर्ष २०८३/०८४ को वार्षिक बजेट तथा कार्यक्रम

विहादी गाउँपालिका

पर्वत जिल्ला

गण्डकी प्रदेश, नेपाल

मिति २०८३/०३/१०

बजेट वक्तव्य

नमस्कार !

१. सभाध्यक्ष महोदय, सभा सचिवज्यू, गाउँसभाका आदरणिय सदस्यज्यूहरु, उपस्थित राष्ट्रसेवक कर्मचारिहरु, सञ्चारकर्मी, सुरक्षाकर्मी तथा सञ्चार माध्यममार्फत देश-विदेशबाट हामीलाई हेरिरहनु भएका सम्पूर्ण विहादीवासी एवं विहादी गाउँपालिकाका शुभचिन्तक महानुभावहरु, विहादी गाउँपालिकाको १९ औँ गाउँसभामा म यहाँहरु सबैलाई हार्दिक स्वागत गर्दछु ।
२. २०७९ को निर्वाचन पश्चात उपाध्यक्षको बागदौड सम्हाल्न जिम्मेवारी दिएर यस गरिमामय ठाउँमा पठाउनुहुने विहादीवासी आमावुवा, दाजुभाई तथा दिदीबहिनीहरुलाई स्मरण गर्न चाहान्छु ।
३. बजेट बक्तव्य तर्फ अगाडि बढ्नु अघि, विद्युतीय दुर्घटनामा परी अल्पायुमै ज्यान गुमाउनु भएका यसै गाउँसभाका आदरणीय सदस्य स्व. दिपक गुरुङज्यू प्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै उहाँको चिरशान्तिको कामना गर्दछु । साथै, शोक सन्तप्त परिवारजन प्रति गहिरो समवेदना प्रकट गर्दछु ।
४. यस गरिमामय सभामा २०८३/०८४ को वार्षिक बजेट तथा कार्यक्रम प्रस्तुत गर्नुभन्दा अगाडी मुलुकको सार्वभौमसत्ता र स्वतन्त्रता, भौगोलिक अखण्डता, राष्ट्रिय हित, स्वाभिमान र सामाजिक न्याय परिवर्तनका लागि विभिन्न कालखण्डका घट्ना र न्यायोचित आन्दोलनमा सहादत प्राप्त गर्नुहुने ज्ञात अज्ञात शहीदहरुप्रति भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्दछु । राजनीतिक परिवार्तनको लागि नेतृत्व प्रदान गर्नुहुने श्रद्धेय नेतागणहरुको गौरवपूर्ण इतिहासलाई स्मरण गर्दै आन्दोलनका क्रममा बेपत्ता, घाइते, अपाङ्गता एवं पीडित भएका सम्पूर्ण नागरिकप्रति उच्च सम्मान प्रकट गर्दछु । देश र जनताको बृहत्तर हितलाई केन्द्रविन्दुमा राखी नेपालको संविधान, नेपाल सरकारको सोह्रौ योजना, दिगो विकास लक्ष्य, गण्डकी प्रदेश सरकारको दोस्रो पञ्चवर्षीय योजनाको सोच, सभामा प्रस्तुत गरिएको विनियोजन विधेयकमा समावेश हुने सरकारको बजेट तथा कार्यक्रमका सिद्धान्त र प्राथमिकता, संघ सरकार र गण्डकी प्रदेश सरकारको नीति तथा कार्यक्रम, विहादी गाउँपालिकाको प्रथम आवधिक योजना, मध्यकालीन खर्च संरचना र नीति तथा कार्यक्रम लाई आधार मानी बजेट तर्जुमा गरेको छु ।
५. बजेट तर्जुमा गर्दा सरकारका नीति तथा कार्यक्रम, आवधिक योजनाको लक्ष, सिद्धान्त र प्राथमिकताबीचको सामञ्जस्यतालाई जोड दिएको छु । राजनीतिक दलका घोषणा पत्र, संघ र प्रदेश सभाका माननीय सदस्य, विकास साझेदार, निजी क्षेत्र, नागरिक समाज, विद्वत वर्ग तथा आम नागरिकबाट प्राप्त रचतात्मक सुझावलाई ग्रहण गरेको छु ।
६. विकासप्रति गाउँपालिकावासीको चाहना, आवश्यकता र सामर्थ्य तथा राजश्व परिचालनको सिमित दायरालाई दृष्टिगत गरि स्रोत साधनको न्यायोचित परिचालनमा जोड दिएको छु । समतामूलक आर्थिक समुन्नती र उदार लोकतन्त्रलाई संस्थागत गरी संघीयताको लाभ आम नागरिकमा समन्यायिक तवरले वितरण गर्न तथा लोकतान्त्रिक मुल्य र मान्यताहरु नागरिकको जीवनमा अनुवाद गर्न अन्तर-सरकार व्यवस्थापन प्रभावकारी हुने आवश्यक ठानको छु ।
७. दिगो शान्ति, सुशासन, विकास र समृद्धिको आकांक्षा पुरा गर्न संघीय शासन व्यवस्था अवलम्वन गरिएसँगै विहादी गाउँपालिका स्थापनाको ९ वर्ष पुरा भएको र यस अवधिमा आर्थिक तथा सामाजिक क्षेत्र सुधारका महत्वपूर्ण आधारशिला निर्माण भएको छ ।
८. शासन व्यवस्था र शासकीय क्रियाकलापमा नागरिकको सहज पहुँच र सहभागिता अभिवृद्धि हुनुका साथै विहादी गाउँपलिकाप्रति नागरिकको अपनत्व र स्वामित्व स्थापित हुदै गएको छ । विभेद, बञ्चितिकरण र बहिष्करणमा परेका समुदायका नागरिकको सम्मानजनक सामाजिक जीवनको प्रत्याभूति भईरहेको छ । नागरिकको अपेक्षानुरुप सार्वजनिक सेवा प्रवाहलाई घरदैलोमा पुर्याउने लक्ष्यलाई आशातित प्रगति भइरहेको छ ।
९. गाउँपालिकाको अर्थतन्त्रलाई टेवा पुऱ्याउने उद्देश्यले राजश्व संकलन र विभिन्न क्षेत्रबाट संकलन हुने राजश्वको दर भन्दापनि दायरा बढाईएको छ ।
१०. लोकतान्त्रिक अभ्यास, सामाजिक मुल्य मान्यता, न्यायमा आधारित समाज, समृद्ध गाउँपालिका निर्माण गर्नको लागि नेपालको नियम कानून र गाउँपालिकाको ऐन, कानून बमोजिम अगाडी बढेको छ । अर्थतन्त्रलाई गतिशील र चलायमान बनाउन अनावश्यक खर्चलाई कटौती गर्दै स्थानीय स्रोत र साधनको परिचालन गरि उत्पादन र रोजगारी अर्थतन्त्रको चिनारी भन्ने नारासँगै सिपलाई उत्पादन र उत्पादनलाई बजार सम्म जोड्दै अर्थतन्त्रको सुधार सँगै दीगो विकासलाई अगाडी बढाउने लक्ष्य लिएको छु ।

आदरणिय सभा सदस्य ज्यूहरु,

११. विहादी गाउँपालिकाको सामाजिक, आर्थिक तथा मानवीय संसाधन विकासका निर्माणका कार्यहरुमा अगाडि बढाउन र गाउँपालिकाको अर्थतन्त्रलाई गतिशील र चलायमान बनाउने विश्वासका साथ विहादी गाउँसभा समक्ष आर्थिक वर्ष २०८३।०८४ को वार्षिक बजेट तथा कार्यक्रम प्रस्तुत गर्न उपस्थित भएको छु ।

सभाध्यक्ष महोदय,

१२. अव म यस सम्मानित सभामा संघीयता पश्चात स्थानीय सरकारको दोस्रो निर्वाचनबाट निर्वाचित भई पदभार ग्रहण गरेपश्चातको बजेट तथा कार्यक्रम कार्यन्वयनको महत्वपूर्ण समीक्षा प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

१३. नेतृत्व विकास, कानुनी सचेतना, शैक्षिक सहजता, उद्यमशिलता जस्ता कार्यक्रमहरुलाई महिला लक्षित गर्दै लैंगिक हिंसा निवारण तथा सचेतना कार्यक्रम सञ्चालन, उपाध्यक्षसँग विपन्न महिला उद्यमी उत्थान तथा प्रोत्साहन कार्यक्रम सञ्चालन, समुदायस्तरमा कानुनी सचेतना कार्यक्रम, नारी दिवस लगायतका विभिन्न कार्यक्रम सञ्चालन गरिएको छ ।

१४. अपाङ्गता भएका व्यक्तिहरुलाई दैनिक कार्यसञ्चालनमा सहजताका लागि अपाङ्गता भएका व्यक्तिहरुलाई सहायता सामाग्री वितरण तथा वालविवाह न्यूनीकरणका लागि प्रत्येक वडाहरुमा वालविवाह सम्बन्धी सचेतनामुलक कार्यक्रम सञ्चालन गरिएको छ ।

१५. न्यायीक समितिका पदाधिकारी र मेलमिलापकर्ताको क्षमता विकासका लागि तालिम सञ्चालन गर्नुका साथै समुदाय तथा विद्यालय स्तरमा न्यायीक सचेतनाका लागि विभिन्न कार्यक्रमहरु सञ्चालन गरिएको छ ।

१६. परम्परागत सीप संरक्षण तथा दलित समुदायमा चेतनामुलक क्षमता अभिवृद्धिका लागि विभिन्न तालिमहरु सञ्चालन गर्नुका साथै प्रविधि हस्तान्तरण गरिएको छ ।

१७. कृषि उत्पादनमा प्रवर्धन गरि कृषि उत्पादनहरुलाई बजारसम्म पुऱ्याउन कृषकहरुलाई सहजीकरण गर्ने उद्देश्यले कृषि एम्बुलेन्स खरिद गरि प्रभावकारी रुपमा सञ्चालनमा ल्याईएको छ ।

१८. कृषि तथा पशुपालन कृषकहरुलाई प्रोत्साहनका लागि विभिन्न स्वरुपका अनुदान तथा सामाग्रीहरु वितरण गर्नुका साथै समयसमयमा तालिमको सञ्चालन गरिएको छ ।

१९. लक्षित समूहलाई विद्युत मिटर बक्स वितरण, पोषाक वितरण लगायत अन्य सचेतनामूलक र क्षमता विकासका कार्यक्रम सञ्चालन गर्नुका साथै जेष्ठ नागरिक स्वास्थ्य परिक्षण, आँखा उपचार केन्द्र स्थापना र सञ्चालन, वृहत स्वास्थ्य शिविर सञ्चालनका लगायतका कार्यक्रमहरु सञ्चालन गरिएको छ ।

२०. सुत्केरी भएका महिलाहरुलाई थप पोषणयुक्त खानेकुराको व्यवस्थापनका लागि सुत्केरीसँग उपाध्यक्ष कार्यक्रम सञ्चालन गरि प्रत्येक वर्ष सुत्केरी महिलाहरुलाई पोषणयुक्त खानेकुराको प्रबन्धका लागि नगद हस्तान्तरण गर्नुका साथै आकस्मिक अवस्थामा गर्भवतीलाई निःशुल्क एम्बुलेन्स सेवाको व्यवस्था गरि अस्पताल पुऱ्याउने व्यवस्था गरिएको छ ।

२१. गाउँपालिका भित्रका प्रत्येक घरधुरी, जनसंख्या, भौगोलिक अवस्था, कृषि, वन, पूर्वाधार, शिक्षा र स्वास्थ्य लगायतका सम्पूर्ण तथ्याङ्कहरूलाई प्रविधिको प्रयोग गरी अनलाइन प्रणालीमा सुरक्षित र व्यवस्थित रूपमा राखि आवश्यकता बमोजिम उपयोगका लागि गाउँपालिकाको डिजिटल भिलेज प्रोफाईल निर्माणको कार्य सम्पन्न भईसकेको छ ।

२२. गाउँपालिकाभित्रका विभिन्न सडकहरुमा ग्राबेल तथा ढलानका कार्य हुनुका साथै सबै सडकहरुमा सबै मौसममा यातायात सेवा सञ्चालन हुने गरि सडक स्तरोन्नति गरिएको छ ।

सभाध्यक्ष महोदय,

२३. विहादी गाउँपालिकाको चालु आर्थिक वर्षको आर्थिक स्थितिको विश्लेषण, नीति र कार्यक्रम प्रस्तुत गरिसकिएको छ । अव म यस सम्मानित सभामा चालु आर्थिक वर्षको हालसम्मको बजेट तथा कार्यक्रम कार्यन्वयनको समीक्षा प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

२४. चालु आर्थिक वर्षका लागि विहादी गाउँपालिकाबाट ४६ करोड ८२ लाख ७९ हजार ४ सय २१ बजेट विनियोजन भएकोमा हालसम्म २५ करोड ९८ लाख ५० हजार ६७ रुपैँया खर्च भई सुरु विनियोजनको ५५.४९ प्रतिशत खर्च भएको छ । आर्थिक वर्षको अन्त्यसम्ममा ८५ प्रतिशत खर्च हुने संशोधित अनुमान गरेको छु।

२५. चालु आर्थिक वर्षमा विनियोजित रकम मध्ये आन्तरिक स्रोतबाट २५ लाख रुपैँया सेवा शुल्क र दस्तुर सङ्कलन गर्ने लक्ष्य लिइएकोमा हालसम्म ३४ लाख २६ हजार ५ सय ६६ रुपैँया ६५ पैसा संकलन भई लक्ष्यको तुलनामा १३७.०६ प्रतिशत प्रगति भएको छ । त्यसैगरी स्थानीय राजश्व बाँडफाँडतर्फ ३० लाख रुपैँया सङ्कलन गर्ने लक्ष्य लिइएकोमा हालसम्म ८ लाख ४ हजार ४ सय ११ रुपैँया ८० पैसा संकलन भई लक्ष्यको २६.८१ प्रतिशत प्रगति भएको छ ।

२६. गाउँपालिकाको विकासलाई व्यवस्थित, योजनाबद्ध र परिणाममुखी बनाउन योजना तर्जुमाका दुईवटा खम्बाहरू आवधिक योजना र मध्यमकालीन खर्च संरचना निर्माणको कार्य सम्पन्न गरिएको छ ।

२७. गाउँपालिकाको विपद् व्यवस्थापन कोषमा विनियोजित रकमबाट विपद्मा परेका नागरिकहरुलाई राहत वितरण गर्नुका साथै विपद्बाट क्षतिग्रस्त पूर्वाधारहरुको निर्माण गरिएको छ ।

२८. गाउँपालिकाको चिनारी र पहिचानको लागि गाउँपालिका प्रवेशस्थलहरुमा प्रवेश द्वार निर्माणको कार्य चलिरहेको छ ।

२९. सडक सुरक्षा तथा दुर्घटना न्यूनीकरणका लागि भुसालचोकमा ट्राफिक पोष्ट निर्माणका लागि बजेट विनियोजन भएकोमा उक्त कार्य सम्पन्न भईसकेको छ ।

३०. समग्र गाउँपालिकाको भौगोलिक, सामाजिक, साँस्कृति तथा धार्मिक विविधता झल्कले वृत्तचित्र निर्माण कार्य अन्तिम चरणमा रहेको छ ।

३१. परम्परागत सीप संरक्षण तथा आय आर्जन वृद्धिका लागि आरन सुधार कार्यक्रम, सिलाई मेशिन हस्तान्तरण लगायतका कार्यक्रमहरु सञ्चालन गरिएको छ ।

३२. सिमान्तकृत समुदायमा लक्षित कार्यक्रम तथा विभिन्न जातजातिको प्राचिन संस्कृति, भेषभुषा, सीप, संगीत, धार्मिक स्थलको संरक्षण तथा जगेर्ना गर्ने विभिन्न कार्यक्रमहरु सम्पन्न भईसकेका छन ।

३३. उज्यालो गाउँपालिकाको अवधारण अनुसार मुख्य ५ वटा चोकहरुमा सडक बत्ती र सिसि क्यामरा जडान गरिएको छ ।

३४. व्यवसायिक कृषकलाई थप हौसलाको लागि दुध ढुवानीमा अनुदान, हल गोरु पाल्ने कृषकलाई अनुदान, लोकल गाई संरक्षण, उन्नत जातका गाई/भैसी खरिदमा अनुदान, प्रजननका लागि राँगा पालेका कृषकलाई प्रोत्साहन, तरकारी विउ वितरण, माटो परिक्षण तथा कृषि चुन वितरण लगायतका कार्यक्रमहरु सम्पन्न भईसकेका छन् ।

३५. गाउँपालिकाको ऐतिहासिक, भौगोलिक, पर्यटकीय, सामाजिक, धार्मिक, सांस्कृतिक लगायतका पहिचानलाई संस्थागत गर्न र स्थानीय विशेषतालाई उजागर गर्नका लागि पालिका गान र लोगो निर्माणको कार्य सम्पन्न भईसकेको छ ।

३६. सरकारी सेवामा विहादीवासीको सहभागिता अभिवृद्धिका लागि गाउँपालिकाद्वारा निशुल्क शिक्षक सेवा तथा लोक सेवा आयोग कक्षा सञ्चालन भईसकेको छ ।

३७. युवाहरुको खेलप्रतिको बढ्दो आकर्षण र खेलप्रति युवाहरुलाई थप सक्षम बनाउन राष्ट्रपति रनिङ शिल्ड तथा अध्यक्षकप कार्यक्रम सम्पन्न भईसकेको छ ।

३८. चालु आर्थिक वर्षमा सुत्केरीसँग उपाध्यक्ष कार्यक्रम, महिला स्वास्थ्य स्वयम्सेविका प्रोत्साहन तथा सम्मान र उत्कृष्ट कर्मचारी, शिक्षक, विद्यार्थी र कृषक सम्मान कार्यक्रम समेत सम्पन्न भईसकेका छन् ।

सभाध्यक्ष महोदय,

अव म आर्थिक वर्ष २०८३/०८४ को बजेट तथा कार्यक्रमका उद्देश्य तथा प्राथमिकता उल्लेख गर्ने अनुमति चाहन्छु ।

**बजेटका उद्देश्यहरु:**

- कृषि तथा पशुपालन क्षेत्रको व्यवसायीकरण गर्ने र युवाहरूका लागि पालिकाभित्रै रोजगारीका अवसर सिर्जना गर्ने।
- आधारभूत भौतिक पूर्वाधारहरूको गुणस्तरीय निर्माण तथा स्तरोन्नति गरी नागरिकको दैनिक जीवन र आवागमनलाई सहज बनाउने ।
- शिक्षाको गुणात्मक सुधार, आधारभूत स्वास्थ्य सेवामा सर्वसुलभ पहुँच र लक्षित वर्गको आर्थिक-सामाजिक अवस्थामा सुधार ल्याउने

- गाउँपालिकाको सेवा प्रवाहलाई डिजिटल प्रोफाइल र सूचना प्रविधिसँग जोड्दै पारदर्शी, भ्रष्टाचारमुक्त, छिटो-छरितो र जनउत्तरदायी स्थानीय प्रशासन कायम गर्ने।
- बाढी, पहिरो जस्ता प्राकृतिक विपद्को पूर्वतयारी, न्यूनीकरण र दिगो वातावरणीय सन्तुलन कायम गर्ने।

**बजेटका प्राथमिकताहरु:**

- कृषि तथा पशुपालनको व्यवसायीकरण, उद्यमशीलता र युवा रोजगारी
- प्रर्यटन प्रवर्द्धन, गुणस्तरीय भौतिक पूर्वाधार, निर्माण तथा स्तरोन्नति
- शिक्षा, स्वास्थ्य र लक्षित वर्गको उत्थान
- सूचना प्रविधि, पारदर्शिता र जनउत्तरदायी प्रशासन
- विपद् व्यवस्थापन र वातावरणीय सन्तुलन

सभाध्यक्ष महोदय,

अव म यो सम्मानित सभा समक्ष आगामी आर्थिक वर्ष २०८३/०८४ को मुख्य कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

**आर्थिक विकास:**

३९. विहादी गाउँपालिकालाई कृषिमा आत्मनिर्भर बनाउनका लागि विहादी गाउँपालिकामा हाइटेक टनेल निर्माण कार्यक्रमका लागि बजेट व्यवस्थापन गरिएको छ ।

४०. स्थानीय सीप, स्रोत र साधनको समुचित उपयोग गर्दै रोजगारी सिर्जना गर्न नवप्रवर्तन कार्यक्रममा ४० लाख रुपैँया बजेट विनियोजन गरेको छु।

४१. स्थानीय कच्चा पदार्थमा आधारित लघु उद्यम प्रवर्धन कार्यक्रममा स्थानीय पेय पदार्थको ब्राण्डिङ, साबुन, सरफ, हर्पिक, फिनाइल, अगरबत्ती उत्पादन तथा बजारीकरण, बाँस प्रशोधन तथा सामाग्री निर्माणको लागि एकमुष्ठ ३७ लाख रुपैँया विनियोजन गरेको छु।

४२. उद्यम विकास कार्यक्रम मार्फत उद्यमी सिर्जना गर्ने अभिप्रायले चप्पल बनाउने र अर्गानिक अचार बनाउने तालिमका लागि आवश्यक बजेट विनियोजन गरेको छु।

४३. एक विद्यालय एक करेसाबारी तथा च्याउ उत्पादन कार्यक्रमका लागि बजेट विनियोजन गरेको छु। साथै कृषक कल्याणकारी बचत कोष कार्यक्रमलाई निरन्तरता दिएको छु ।

४४. वडा नं. ३ मा रहेको चिस्यान केन्द्र सञ्चालनका लागि आवश्यक बजेट विनियोजन गर्नुका साथै वडा नं. १ र ५ मा समेत चिस्यान केन्द्र निर्माणका लागि व्यवस्था मिलाएको छु ।

४५. पचास प्रतिशत अनुदानमा मौरीघार वितरण, क्यारेट वितरण, मल्चिङ प्लाष्टिक, स्प्रे, सिकेचर तथा स्प्रिङकलर वितरण तथा निशुल्क तरकारी विउ वितरणका लागि बजेट विनियोजन गरेको छु। साथै तरकारीको पकेट विकास कार्यक्रम सञ्चालनका लागि आवश्यक बजेटको व्यवस्था भएको छ ।

४६. रैथाने कोदो बाली प्रबर्द्धन कार्यक्रम तथा उत्कृष्ट कृषक सम्मान कार्यक्रमका लागि बजेट विनियोजन गरेको छु।

४७. समुदाय तथा विद्यालयमा मनोसामाजिक परामर्श तथा मानसिक स्वास्थ्य प्रवर्धन कार्यक्रम, वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिलाई परामर्श तथा व्यवसायिक तालिम र लक्षिम वर्गमा माटाका भाडाँकुडा तथा सामाग्री निर्माण तालिमका लागि बजेट विनियोजन गरेको छु।

४८. स्थानीय लोकल गाई संरक्षण, हलगोरु पाल्ने कृषकलाई अनुदान, सहकारीहरुलाई दुध ढुवानीमा अनुदान, भकारो सुधार कार्यक्रम, घाँस काट्ने मेशिन वितरण लगायतका कार्यक्रम सञ्चालन गर्न बजेट विनियोजन गरिएको छ।

४९. सिपमुलक तथा मागमा आधारित कृषि तथा पशुसम्बन्धी तालिम सञ्चालन र जैविक तथा रासायनिक विषादी तथा पशु स्वास्थ्य औषधी खरिदका लागि बजेट व्यवस्थापन गरिएको छ ।

**सामाजिक विकास तर्फ:**

५०. उपाध्यक्षसँग विपन्न महिला उद्यमी उत्थान कार्यक्रम तथा प्रविधि हस्तान्तरण कार्यक्रमलाई निरन्तरता दिएको छु । लैंगिक हिंसा निवारण, नारी दिवस, अपाङ्गता सहायता सामाग्री वितरण, तिज विशेष कार्यक्रम तथा महिला मोटिभेसनल लगायतका कार्यक्रम सञ्चालन गर्नका लागि ३६ लाख रुपैंया विनियोजन गरेको छु।

५१. समाजका सबैभन्दा जोखिममा रहेका, अनाथ, असहाय र संरक्षकविहीन बालबालिकाहरूको संरक्षण र विकासका लागि **कोही पनि टुहुरो वा असहाय हुनुपर्दैन, स्थानीय सरकार तिम्रो साथमा छ** भन्ने अनुभूति दिलाउन उपाध्यक्षसँग अनाथ शिशु बालबालिका आर्थिक सहायता शिर्षकमा बजेट विनियोजन गरेको छु ।

५२. जेष्ठ नागरिकको सम्मान तथा सामाजिक सुरक्षा भत्ता वितरण तथा स्वास्थ्य परिक्षण शिविर सञ्चालनका लागि आवश्यक बजेट विनियोजन गरिएको छ ।

५३. नागरिकको आधारभूत स्वास्थ्य सेवा प्राप्त गर्ने हकलाई सुनिश्चित गर्न नि:शुल्क उपलब्ध हुने ९८ प्रकारका औषधी नियमित उपलब्ध गराउने व्यवस्था मिलाइएको छ ।

५४. एक पालिका एक आधारभूत अस्पतालको अवधारणा अनुसार यस पालिकामा MBBS डाक्टर सहितको सेवा प्रदानका लागि आवश्यक बजेटको व्यवस्था मिलाएको छु ।

५५. बालबालिका तथा किशोर किशोरीहरुको स्वास्थ्य संवर्धन तथा प्रवर्धन गर्न खोप सेवा, पोषण सेवा, किशोर किशोरी प्रजनन स्वास्थ्य अभिमुखिकरणका लागि आवश्यक बजेटको व्यवस्था मिलाएको छु ।

५६. वृहत स्वास्थ्य शिविर सञ्चालन गर्नुका साथै विशेषज्ञ स्वास्थ्य सेवा विस्तारका लागि साझेदारी गर्न आवश्यक बजेट विनियोजन गरेको छु।

५७. ग्रामिण अल्ट्रासाउण्ड कार्यक्रम सञ्चालन गर्न आवश्यक बजेट विनियोजन गरेको छु। साथै सुत्केरीसँग उपाध्यक्ष कार्यक्रमलाई निरन्तरता दिएको छु ।

५८. खोप केन्द्र निर्माण तथा वडा नं. ५ मा स्वास्थ्य इकाई सञ्चालन गर्नका लागि आवश्यक बजेट विनियोजन गरेको छु। साथै कोसेली घर निर्माणका लागि १० लाख बजेट विनियोजन गरेको छु।

५९. न्यून वेतनमा कार्यरत वाल विकास सहजकर्ता र विद्यालय कर्मचारीहरुका लागि न्युनतम तलब सुविधा उपलब्ध गराई मनोबल वृद्धि गरी समग्र शैक्षिक गुणस्तर अभिवृद्धिमा टेवा पुर्‍याउन ६५ लाख १२ हजार रुपैंया विनियोजन गरेको छु।

६०. विद्यालय तहदेखि विभिन्न विधामा उत्कृष्ट खेलाडी उत्पादन गर्ने कार्यमा सघाउ पुर्‍याउन राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता लगायतका कार्यक्रमलाई निरन्तरता दिएको छु ।

६१. विद्यार्थीको दिवा खाजा कार्यक्रम मार्फत विद्यार्थीको सामुदायिक विद्यालयमा भर्ना दर बृद्धि गर्न कक्षा ६-१० लाई दिवा खाजाका लागि ३० लाख रुपैंया बजेट विनियोजन गरेको छु।

६२. सरकारी सेवामा युवाहरुलाई आकर्षित गर्न निशुल्क लोक सेवा तथा शिक्षक सेवा तयारी कक्षालाई निरन्तरता दिएको छु।

६३. **खेल्छ विहादी, जित्छ विहादी** भन्ने मुल नाराका साथ खेलप्रतिको युवाको आकर्षण वृद्धिका लागि गाउँपालिका अध्यक्ष कप सञ्चालन गर्न ९ लाख रुपैंया बजेट विनियोजन गरेको छु। साथै सापचौर खेल मैदानको जग्गा व्यवस्थापन तथा निर्माणका लागि १९ लाख ५० हजार रुपैंया विनियोजन गरेको छु।

६४. शैक्षिक नवप्रवर्तन, उच्च शिक्षा छात्रवृत्ति तथा अनुसन्धान तथा प्रविधिमैत्री विद्यालय निर्माणका लागि बजेट विनियोजन गरेको छु।

६५. विद्यालयमा सिकाइको वातावरण कस्तो छ, पाठ्यक्रम कार्यान्वयनमा के-कस्ता समस्या छन् र विद्यार्थीको नतिजा कसरी सुधार्न सकिन्छ भन्नेबारे सामूहिक मन्थन गर्न र विद्यालयहरुबीचको असल अभ्यास आदानप्रदान गर्नका लागि उपाध्यक्षसँग शिक्षक कार्यक्रम सञ्चालनका लागि बजेट विनियोजन गरेको छु ।

**<u>पूर्वाधार तर्फ:</u>**

६६. सबै वडाहरुको सन्तुलित विकास गर्ने नीति अनुरुप वडाभित्रका पूर्वाधार निर्माण तथा अन्य कार्यक्रम सञ्चालन गर्नका लागि प्रशासनिक खर्च सहित जम्मा ३ करोड ८६ लाख ९८ हजार ९ सय ९८ रुपैंया ४० पैसा बजेट विनियोजन गरेको छु।

६७. लिफ्टिङ खानेपानी आयोजनाको सञ्चालनमा समस्या हुन नदिन लिफ्टिङ खानेपानी मर्मत तथा व्यवस्थापन कार्यक्रमलाई निरन्तरता दिएको छु ।

६८. गाउँपालिकाभित्रको पर्यटन पूर्वाधारको विकास र विस्तार तथा पर्यटन सम्भाव्यता सम्बन्धी कार्यक्रमका लागि बजेट विनियोजन गरेको छ।

**<u>वातावरण, जलवायु तथा विपद् व्यवस्थापन तर्फ:</u>**

६९. कुकाठ व्यवस्थापनका लागि निजी क्षेत्र, वन उपभोक्ता समितिसँग साझेदारी गर्न, जैविक विविधता, वातावरण संरक्षण, प्राकृतिक संरक्षण, जलवायु अनुकुलन लगायतका विषयमा कार्यक्रम सञ्चालन गर्न बजेट विनियोजन गरेको छु ।

७०. विपद् जोखिम न्यूनीकरण, विपद् पूर्व तयारी, राहत, उद्दार, प्रतिकार्य र पुन:स्थापना लगायतको लागि विपद् व्यवस्थापनमा १५ लाख रुपैंया विनियोजन गरेको छु।

**<u>सुशासन, सार्वजनिक सेवा तथा संस्थागत विकास तर्फ:</u>**

७१. योजना सम्झौता र बैंक खाता खोल्ने प्रायोजनका लागि गाउँपालिकाभित्र सञ्चालनमा रहेका योजनाहरुको उपभोक्ता समिति गठन तथा बैंक खाता सञ्चालनका लागि गाउँपालिका धाउनुपर्ने अवस्था अन्त्य गरि घरदैलो मै सेवा प्राप्तिका लागि प्रत्येक वडामा योजना सम्झौता शिविर सञ्चालन तथा उपभोक्ता समितिको अभिमुखिकरणका लागि आवश्यक बजेटको व्यवस्था मिलाएको छु ।

७२. गाउँपालिकामा कार्यरत कर्मचारी तथा जनप्रतिनिधिहरुलाई विषयगत क्षेत्रको ज्ञान, सीप , दक्षता र क्षमता अभिवृद्धि गर्न तालिम र प्रशिक्षण कार्यक्रम सञ्चालन गर्न आवश्यक बजेट विनियोजन गरेको छु।

७३. पत्रकारिता क्षेत्रकी प्राज्ञिक विकास, सञ्चारको सबलिकरण तथा खोज पत्रकारिता प्रोत्साहन, स्थानीय सञ्चार माध्यमलाई प्रोत्साहन, लोककल्याणकारी सूचना र गाउँपालिकाका सूचनाको प्रभावकारी प्रचारप्रसारको लागि आवश्यक बजेट विनियोजन भएको छ ।

७४. गाउँपालिकाभित्र व्यवसाय सञ्चालन गर्ने व्यवसायीहरुलाई समयमै कर दाखिला गर्ने कार्यलाई प्रोत्साहन गर्न असोज मसान्तभित्र व्यवसाय नविकरण गर्दा जरिवाना शुल्क नलाग्ने व्यवस्था मिलाएको छु ।

७५. गाउँपालिकाभित्रका कार्यालयमा कर्मचारीको नियमित उपस्थिति र समयपालनाका लागि सबै वडा कार्यालय तथा स्वास्थ्य चौकीहरुमा विद्युतीय हाजिरी जडानका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु।

७६. राजश्व परिचालनलाई प्रभावकारी बनाउँदै करको दायरा विस्तार गर्ने नीति बमोजिम राजश्वको दर यथावत राखी दायरा बढाउनका लागि राजश्व सुधार कार्ययोजना तयार गर्न आवश्यक बजेट विनियोजन गरेको छु।

७७. आर्थिक अवस्था कमजोर भएका नागरिकहरुको जीवयानमा सहजीकरण गर्ने तथा स्वास्थ्य उपचारमा सहयोग गर्ने उद्देश्यले आर्थिक सहायता तथा उपचार सहयोगका लागि १० लाख रुपैंया विनियोजन गरेको छु।

७८. सार्वजनिक स्थानमा सिसि क्यामेरा जडान, मर्मत तथा व्यवस्थापनका लागि ४ लाख रुपैंया बजेट विनियोजन गरेको छु।

७९. न्यायिक समितिका काम कारबाहीहरुलाई व्यवस्थित गर्दै गाउँपालिकाको आवश्यकता बमोजिम आवश्यक कार्यक्रम तथा तालिम सञ्चालन, मेलमिलापकर्ताको पुनर्ताजगी र विवाद निरुपण र व्यवस्थापन लगायतका कार्यका लागि ८ लाख पचास हजार रुपैंया विनियोजन गरेको छु।

सभाध्यक्ष महोदय,

अव म विहादी गाउँपालिकाबाट शाखागत रुपमा विनियोजित बजेट प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

८०. गाउँपालिकास्तरीय योजना तथा कार्यक्रम सञ्चालनका लागि

- स्वास्थ्य शाखालाई ४१ लाख २० हजार रुपैंया,
- पशु शाखालाई ३६ लाख ७५ हजार रुपैंया,
- सामाजिक सुरक्षा तथा पञ्जिकरण इकाईलाई १८ लाख ५० हजार रुपैंया,
- महिला, बालबालिका तथा जेष्ठ नागरिक शाखालाई ३६ लाख रुपैंया,

- न्यायिक समितिका लागि ८ लाख ५० हजार रुपैँया,
- शिक्षा, युवा तथा खेलकुद शाखालाई १ करोड ५४ लाख ५२ हजार रुपैँया,
- कृषि विकास शाखका लागि ५८ लाख रुपैँया,
- नवप्रवर्द्धन, उद्यम, सीप तथा रोजगार शाखालाई १९ लाख ५० हजार रुपैँया,
- सूचना प्रविधिक शाखाका लागि ५ लाख १० हजार रुपैँया,
- उद्यम विकास शाखालाई ४९ लाख रुपैँया,
- योजना तथा अनुगमन शाखाका लागि १७ लाख ५० हजार रुपैँया,
- भौतिक पूर्वाधार विकास शाखालाई १० लाख ५० हजार रुपैँया
- वन, वातावरण तथा विपद् व्यवस्थापन इकाईका लागि १५ लाख रुपैँया विनियोजन गरेको छु ।

सभाध्यक्ष महोदय,

अव म आगामी आर्थिक वर्ष २०८३/०८४ का योजना तथा कार्यक्रमहरु कार्यान्वयनका लागि आय व्ययको अनुमानित विवरण यस सम्मानित सभामा पेश गर्ने अनुमति चाहन्छु ।

८१. आगामी आर्थिक वर्षका लागि बजेटका उद्देश्य तथा प्राथमिकता पूरा गर्न प्रस्तावित कार्यक्रमहरु कार्यान्वयनका लागि **४६ करोड ४५ लाख ३५ हजार ९ सय ९८ रुपैँया** बजेट विनियोजन गरेको छु। उक्त बजेटको खर्च व्यहोर्ने स्रोतहरुमा

- नेपाल सरकारबाट प्राप्त वित्तीय समानीकरण अनुदान ७ करोड ४६ लाख रुपैँया,
- प्रदेश सरकारबाट प्राप्त वित्तीय समानीकरण अनुदान ८८ लाख ५५ हजार रुपैँया,
- संघीय सरकार सशर्त अनुदान २२ करोड ५३ लाख रुपैँया,
- संघीय सरकार विशेष अनुदान १ करोड ८० लाख रुपैँया,
- प्रदेश सरकार विशेष अनुदान ४० लाख रुपैँया,
- संघीय सरकार समपुरक अनुदान १ करोड रुपैँया,
- प्रदेश सरकार समपुरक अनुदान ६० लाख रुपैँया,
- कालिगण्डकी जलविद्‌युत रोयल्टी ६२ लाख ५० हजार रुपैँया,
- वन रोयल्टी १७ हजार ५ सय रुपैँया,
- संघीय सरकार राजश्व बाँडफाँड ६ करोड ३० लाख ६० हजार रुपैँया,
- प्रदेश सरकार राजश्व बाँडफाँड ७१ लाख ९३ हजार ४ सय ९८ रुपैँया ४० पैसा,
- आन्तरिक आय ४० लाख रुपैँया,
- चालु आ.व.को अनुमानित अल्या ३ करोड ७२ लाख ६० हजार रहेको छ ।

८२. बजेट खर्च हुने क्षेत्रहरुको रुपमा

- पालिका स्तरीय योजना, शाखागत कार्यक्रम र प्रशासनिक खर्चका लागि जम्मा १६ करोड २५ लाख ३७ हजार रुपैँया,
- वडा स्तरीय योजना तथा प्रशासनिक खर्चका लागि ३ करोड ८६ लाख ९८ हजार ९ सय ९८ रुपैँया,
- विशेष अनुदानतर्फ विहादी गाउँपालिकामा हाईटेक टनेल निर्माणको लागि १ करोड ८० लाख रुपैँया,
- संघीय समपुरक अनुदानतर्फ विरुवारी पोखराचौर सडक स्तरोन्नतिका लागि १ करोड ३० लाख रुपैँया,
- प्रदेश समपुरक अनुदानतर्फ चिस्यान केन्द्र निर्माण (वडा नं. १ र ५) का लागि ७८ लाख रुपैँया,
- प्रदेश विशेष अनुदानतर्फ शैक्षिक गुणस्तर अभिवृद्धि तथा प्रविधिमैत्री विद्यालय निर्माणका लागि ४० लाख रुपैँया
- संघीय सशर्तका कार्यक्रम सञ्चालनका लागि २२ करोड ५३ लाख रुपैँया विनियोजन गरेको छु। जसअनुसार **चालु खर्च तर्फ ३५ करोड ६५ लाख ८७ हजार ३ सय ३२ रुपैँया** अर्थात् **७६.७६ प्रतिशत** र **पुँजीगत**

**खर्च तर्फ १० करोड ७९ लाख ४८ हजार ६ सय ६६ रुपैँया** अर्थात् **२३.२४ प्रतिशत** बजेट विनियोजन भएको छ ।

सभाध्यक्ष महोदय,

अब म आर्थिक विधेयक २०८३, विनियोजन विधेयक, २०८३, स्थानीय पेश पदार्थको उत्पादनलाई नियमन तथा व्यवस्थापन गर्न बनेको विधेयक, २०८३ र अन्तिम लेखापरिक्षणबाट अनियमित देखिएको बेरुजु सम्परिक्षण तथा उल्लेखित विधेयक तथा प्रस्तावसँग सम्बन्धित अनुसूचीहरु माथि छलफल गरियोस् भन्ने प्रस्ताव पेश गर्दछु ।

अन्त्यमा,

विभिन्न भुगोल र सम्भावना बोकेको यस विहादी गाउँपालिकाको आम गुनासो र योजना साथै जनभावना बुझि बाच्छाको भेडावारी देखि विभिन्न समुदाय जात जाति, भाषा भाषी, माझी वस्ती बोटे वस्ती उरामको कात्तिकेदेखि शालिग्रामको गोलाङसम्मका दलित, जनजाति, महिला, वालवालिका, अपाङ्गता, जेष्ठ नागरिक सबैलाई नजिकबाट नियालेकी छु । पहुँच नपुगेका आमनागरिकलाई समेट्न सदैव संकल्प रहने छ ।

हामी निर्वाचित भएको अन्तिम वर्षमा छौं, विहादीको समृद्धिको लागि गाउँपालिकाको अर्थतन्त्रलाई गतिशिल बनाउन पूर्वाधार विकास तर्फ सबै वडामा पक्की ढलान बाटोको सुरुवात गर्दै, आर्थिक समृद्धिमा कृषिलाई जोड्दै साना घरेलु उद्योग मार्फत महिला तथा विपन्न नागरिकलाई समावेश गराउँदै विद्यालय क्षेत्रको सुधारात्मक पक्षतर्फ बजेट विनियोजन गर्दै स्वास्थ्यलाई अपग्रेड गर्दै ४ वर्षको अवधि विहादीवासी नागरिकसँग हातेमालो गरिरहेका छौं । यस अर्थमा सन्तोषजनक रुपमा लिएको छु ।

कामहरु गर्न अझ धेरै बाँकी छन् । नीति निर्माण गर्नुपर्ने जिम्मेवारी अझै छ, विहादीको समृद्धिको लागि सधैँ प्रतिवद्ध छु । विनियोजन भएका योजना तथा कार्यक्रमहरु र सम्बोधन हुन नसकेका योजना तथा कार्यक्रमहरु क्रमिक रुपले सम्बोधन हुनेछन भन्ने विश्वास आदरणीय गाउँवासीमा दिलाउन चाहान्छु ।

विविध कारणहरुबाट उत्पन्न परिस्थितिको कारण हाम्रो सम्वृद्धिको यात्रामा केही अवरोध खडा भएतापनि हामी सबैको सहमति, सहकार्य, एकता र साझा संकल्प र हातेमालोबाट समुन्नत विहादी निर्माण गर्ने कार्यमा सफल हुनेछौँ भन्ने आशा लिएको छु ।

प्रस्तुत बजेट तर्जुमा गर्ने कार्यमा महत्वपूर्ण भूमिका निर्वाह गर्ने स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति, बजेट तथा कार्यक्रम तर्जुमा समिति, राजश्व परामर्श समिति, विषयगत समिति, गाउँपालिकाका विभिन्न शाखाहरु, गाउँसभा सदस्यज्यूहरु र सम्पूर्ण कर्मचारीहरुलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु । बजेट तर्जुमा जति महत्वपूर्ण छ, यसको कार्यान्वयनबाट मात्र सार्थकता झल्किन्छ । यसर्थ, बजेट कार्यान्वियनमा गाउँसभा सदस्यज्यूहरु, कर्मचारी संयन्त्र, नागरिक समाज, सञ्चार माध्यम एवम् संवद्ध सबै सरोकारवालाहरुबाट रचनात्मक सहयोगको अपेक्षा गर्दै समृद्ध विहादी निर्माणमा सबैले आ-आफ्नो क्षेत्रबाट योगदान गर्नुहुनेछ भन्ने आशा एवम् विश्वास लिएकी छु ।

धन्यवाद, नमस्कार !

**मिना शर्मा तिवारी**
**उपाध्यक्ष**
**विहादी गाउँपालिका, पर्वत**

**विहादी गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**वहाकीठाँटी, पर्वत**
**आर्थिक वर्ष २०८३।०८४ को स्वीकृत बजेट**

| **स्वास्थ्य शाखा** | | | |
|---|---|---|---|
| **सि.नं.** | **योजना/कार्यक्रमको शिर्षक** | **विनियोजित रकम रु** | **कैफियत** |
| १ | आँखा उपचार केन्द्र संचालन तथा औषधि खरिद | २००००० | |
| २ | आकस्मिक अवस्थामा VPD सर्भिलेन्स | ५०००० | |
| ३ | ग्रामिण अल्ट्रासाउण्ड कार्यक्रम संचालन तथा व्यवस्थापन | १००००० | |
| ४ | महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका यातायात खर्च | ६००००० | |
| ५ | ल्याब संचालन तथा व्यवस्थापन | १००००० | |
| ६ | सुत्केरी सँग उपाध्यक्ष कार्यक्रम निरन्तरता | ४००००० | |
| ७ | स्वास्थ्य चौकी संचालन तथा व्यवस्थापन | १८०००० | |
| ८ | वृहत स्वास्थ्य शिविर संचालन | ६००००० | |
| ९ | कम्प्यूटर मर्मत | ५०००० | |
| १० | कार्यक्रम अनुगमन तथा भ्रमण खर्च | १००००० | |
| ११ | विशेषज्ञ स्वास्थ्य सेवा विस्तार अन्तर्गत साझेदारी | १००००० | |
| १२ | किशोर किशोरी प्रजनन स्वास्थ्य अभिमुखिकरण | ६०००० | |
| १३ | पोषण स्क्रिनिङ | ४०००० | |
| १४ | EHMIS Software Renewal Fee | ४०००० | |
| १५ | MBBS Doctor करार दरबन्दी (सेवा सुविधा सहित) | १५००००० | |
| | **जम्मा** | **४१२००००** | |
| **पशु विकास शाखा** | | | |
| १ | स्थानीय लोकल गाई संरक्षण कार्यक्रम | १२५००० | |
| २ | हलगोरु पाल्ने कृषकलाई अनुदान | १५०००० | |
| ३ | सहकारीहरुलाई दुध ढुवानीमा अनुदान (प्रति लि ७.५ रुपैयाँ) | ६००००० | |
| ४ | ल्याब व्यवस्थापन तथा ल्याब सम्बन्धि आवश्यक सामग्री खरिद | १००००० | |
| ५ | ७५ प्रतिशत अनुदानमा घाँस काट्ने मेसिन वितरण | ५००००० | |
| ६ | भकारो सुधार कार्यक्रम | १०००००० | |
| ७ | पशु स्वास्थ्य औषधी खरिद | ८००००० | |

| | | | |
|---|---|---|---|
| ८ | शाखाका कार्यक्रमहरु प्रभावकारी ढंगले संचालन गर्न फिल्ड अनुगमन | १५०००० | |
| ९ | पशुपंक्षी तथ्यांक अध्यावधिक कार्यक्रम | ५०००० | |
| १० | मागमा आधारित पशुपालन तालिम | २००००० | |
| **जम्मा** | | **३६७५०००** | |
| | | | |
| **सामाजिक सुरक्षा तथा पञ्जिकरण ईकाई** | | | |
| १ | जेष्ठ नागरिक भेटघाट तथा सम्मान कार्यक्रम | ८००००० | |
| २ | व्यक्तिगत घटना दर्ता सम्बन्धी अभिमुखीकरण कार्यक्रम | १५०००० | |
| ३ | सामाजिक सुरक्षा भत्ता वितरण तथा जेष्ठ नागरिक र अपाङ्गता भएका व्यक्तिहरुका लागि स्वास्थ्य परिक्षण शिविर संचालन | २००००० | |
| ४ | बाल पोषण भत्ताको उपयोग सम्बन्धमा अभिभावक अभिमुखीकरण कार्यक्रम | १००००० | |
| ५ | IRIS DEVICE खरिद | ६००००० | |
| **जम्मा** | | **१८५००००** | |
| **महिला बालबालिका तथा जेष्ठ नागरिक शाखा** | | | |
| १ | शालिग्राम र बाच्छा होजियारी तालिम  सञ्चालन | ८००००० | |
| २ | प्रविधि हस्तान्त्रण | ४००००० | |
| ३ | होजियारी पुनर्ताजगी तालिम वडा नं ३,४ र ५ | ३००००० | |
| ४ | तिज विशेष कार्यक्रम | ६००००० | |
| ५ | नारी दिवस कार्यक्रम | १००००० | |
| ६ | बाल विवाह, लैंगिक हिंसा निवारण तथा सचेतना अभिवृद्धि कार्यक्रम | ३००००० | |
| ७ | अपाङ्गता सहायता सामाग्री (ह्विलचियर) वितरण कार्यक्रम | ५००००० | |
| ८ | महिला तथा किशोरीहको लागि उद्घोषण तालिम | २००००० | |
| ९ | वडा स्तरीय महिला Motivational Training कार्यक्रम | ४००००० | |
| **जम्मा** | | **३६०००००** | |
| **न्यायिक समिति** | | | |
| १ | न्यायिक समिति बैठक संचालन, विवाद निरुपण तथा व्यवस्थापन | १००००० | |
| २ | मेलमिलाप केन्द्र बैठक तथा विवाद मेलमिलाप | २००००० | |
| ३ | बालबालिकासँग न्यायिक समिति कार्यक्रम | ३००००० | |
| ४ | न्यायिक समिति तथा मेलमिलापकर्ता पुनर्ताजकी तालिम | २५०००० | |
| **जम्मा** | | **८५००००** | |
| **शिक्षा युवा तथा खेलकुद विकास शाखा** | | | |
| १ | बालविकास सहजकर्ता तथा कर्मचारी अनुदान | ६५१२००० | |
| २ | कक्षा १ -३ एकीकृत पाठ्यक्रम तालिम | २००००० | |

| | | | |
|---|---|---|---|
| ३ | IEMIS कार्यशाला तथा अभिमुखीकरण | ३००००० | |
| ४ | कक्षा १-११ परीक्षा सञ्चालन तथा व्यवस्थापन | ७००००० | |
| ५ | विद्यालय अनुगमन तथा सुपरिवेक्षण | १००००० | |
| ६ | दिवा खाजा कार्यक्रम (६-१०) | ३०००००० | |
| ७ | उत्कृष्ट शिक्षक तथा विद्यार्थी सम्मान | २५०००० | |
| ८ | राष्ट्रपति रनिङ शिल्ड | ९००००० | |
| ९ | गाउँपालिका अध्यक्षकप | ९००००० | |
| १० | प्रधानाध्यापक जिम्मेवारी भत्ता | २९०००० | |
| ११ | निशुल्क लोक सेवा तथा शिक्षक सेवा तयारी कक्षा | ५००००० | |
| १२ | स्थानीय पाठ्यक्रम छपाई तथा शैक्षिक सामग्री विकास | ६००००० | |
| १३ | शिक्षा शाखाको लागी आवश्यक स्रोत शिक्षक व्यवस्थापन (यातायात तथा अन्य) | ५०००० | |
| १४ | शैक्षिक नवप्रवर्तन, उच्च शिक्षा छात्रवृत्ति तथा अनुसन्धान | ३००००० | |
| १५ | प्रधानाध्यापक शिक्षक तथा शिक्षा सम्बन्धि बैठक खाजा खर्च | ३००००० | |
| १६ | गाउँ शिक्षा समिति बैठक सञ्चालन भत्ता बैठक भत्ता तथा खाजा | २००००० | |
| १७ | विद्यालयहरुमा शैक्षिक क्यालेण्डर निर्माण तथा वितरण | ५०००० | |
| १८ | विद्यालयमा इ हाजिरी मर्मत एवं व्यवस्थापन | २००००० | |
| १९ | शिक्षा विविध | १००००० | |
| | **जम्मा** | **१५४५२०००** | |
| **कृषि विकास शाखा** | | | |
| १ | सिपमुलक तालिम तथा मागमा आधारित तालिम संचालन कार्यक्रम | ६००००० | |
| २ | जैविक तथा रासायनिक विषादी वितरण कार्यक्रम | ४००००० | |
| ३ | एक विद्यालय एक करेसाबारी तथा च्याउ उत्पादन कार्यक्रम | ३००००० | |
| ४ | ५० प्रतिशत अनुदानमा कृषि यान्त्रीकरण प्रबर्द्धन साझेदारी कार्यक्रम | २०००००० | |
| ५ | चिस्यान केन्द्र संचालन तथा व्यवस्थापन | ५००००० | |
| ६ | कृषि प्राविधिकका लागि प्रविधि यन्त्र उपकरण खरिद व्यवस्थापन तथा अनुगमन कार्यक्रम | १००००० | |
| ७ | ५० प्रतिशत अनुदानमा मौरीघार वितरण कार्यक्रम | ३००००० | |
| ८ | कृषक कल्याणकारी बचत कोष कार्यक्रम | २००००० | |
| ९ | तरकारी बिउ वितरण कार्यक्रम | ६००००० | |

| | | | |
|---|---|---|---|
| १० | ५० प्रतिशत अनुदानमा मल्चिङ प्लाष्टिक, स्प्रे, सिकेचर तथा स्प्रिङकलर वितरण कार्यक्रम | १५०००० | |
| ११ | विभिन्न दिवस तथा उत्कृष्ट कृषक सम्मान कार्यक्रम | १००००० | |
| १२ | रैथाने बाली कोदो प्रबर्द्धन कार्यक्रम | २००००० | |
| १३ | ८० प्रतिशत अनुदानमा अस्थायी प्लाष्टिक टनेल वितरण कार्यक्रम | १५०००० | |
| १४ | ५० प्रतिशत अनुदानमा क्यारेट वितरण कार्यक्रम | २००००० | |
| | **जम्मा** | **५८०००००** | |
| **नवप्रवर्द्धन, उद्यम सीप तथा रोजगार शाखा** | | | |
| १ | सुरक्षित आप्रवासन(सामी) कार्यक्रमसँग साझेदारी | १००००० | |
| २ | पालिककास्तरीय आप्रवासी श्रमीक सञ्जाल गठन कार्यक्रम | १००००० | |
| ३ | रोजगार कार्यक्रममा साझेदारी | १२००००० | |
| ४ | समुदाय तथा विद्यालयमा मनोसामाजिक परामर्श तथा मानसिक स्वास्थ्य प्रवर्धन कार्यक्रम | १००००० | |
| ५ | वैदेशिक रोजगारबाट फर्किएका व्यक्तिलाई परामर्श तथा व्यवसायिक तालिम | १५०००० | |
| ६ | लक्षित वर्गमा माटाका भाडाकुडा तथा सामाग्री निर्माण तालिम | ३००००० | |
| | **जम्मा** | **१९५००००** | |
| **सूचना प्रविधि शाखा** | | | |
| १ | डिजिटल नागरिक बडापत्र टेलिभिजन खरिद | ८०००० | |
| २ | कार्यालयको आन्तरिक ईन्टरनेट व्यवस्थापन | १६०००० | |
| ३ | डिजिटल क्यामेराको लेन्स ब्याट्रि र चार्जर खरिद | २४०००० | |
| ४ | प्रोजेक्टर स्क्रिन खरिद | ३०००० | |
| | **जम्मा** | **५१००००** | |
| **उद्यम विकास शाखा** | | | |
| १ | चप्पल बनाउने तालिम तथा प्रविधि हस्तान्तरण | ७००००० | |
| २ | अर्गानिक अचार बनाउने तालिम | ५००००० | |
| ३ | नवप्रवर्द्धनको रकमलाई निरन्तरता | ३७००००० | |
| | **जम्मा** | **४९०००००** | |
| **योजना तथा अनुगमन शाखा** | | | |
| १ | योजना अनुगमन तथा मुल्यांकन | १००००० | |
| २ | विविध बैठक भत्ता (मुल्यांकन समिति) | १५०००० | |
| ३ | पालिका स्तरिय सडक सरसफाई | १०००००० | |
